बैठक संख्याः-३-०७८/०७९

आज मिति २०७९ साल जेष्ठ २० गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री वसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगरकार्यपालिकाको बैठकको उपस्थिती र निर्णय देहाय वमोजिम गरियो।

| क्र स | दस्तखत | पद | नाम थर |
|---|---|---|---|
| १ | | नगर प्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | नगर उप प्रमुख | श्री राजु खड्का |
| ३ | | वडा अध्यक्ष | श्री जय वहादुर के.सी. |
| ४ | | वडा अध्यक्ष | श्री सुरज वोसेल |
| ५ | | वडा अध्यक्ष | श्री सनी के.सी.(लक्ष्मण) |
| ६ | | वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | वडा अध्यक्ष | श्री हरि प्रसाद शर्मा |
| ८ | | वडा अध्यक्ष | श्री रुद्र वहादुर के.सी. |
| ९ | | वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | वडा अध्यक्ष | श्री छम वहादुर कार्की |
| ११ | | वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | वडा अध्यक्ष | श्री तिल वहादुर थापा मगर |
| १३ | | वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | वडा अध्यक्ष | श्री चक्र वहादुर के.सी |
| १७ | | कार्यपालिका सदस्य | श्री ज्योती के.सी (विष्ट) |
| १८ | सुनिता | कार्यपालिका सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | कार्यपालिका सदस्य | श्री धन माया शर्मा |
| २० | Tuka | कार्यपालिका सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | कार्यपालिका सदस्य | श्री शान्ती वोसेल |
| २२ | | कार्यपालिका सदस्य | श्री सीता थापा |
| २३ | | कार्यपालिका सदस्य | श्री ढाका वहादुर परियार |
| २४ | | कार्यपालिका सदस्य | श्री चुरा वहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री पुरुषोत्तम सापकोटा |
| | अन्य उपस्थिती | | |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

CamScanner

निर्णय नं १

मिति २०७९।२।१९ मा सम्पन्न कार्यपालिकाको निर्वाचनबाट निर्वाचित हुनु भएका कार्यपालिकाका सदस्यहरुलाई स्वागत तथा सफल कार्यकालको शुभकामना दिने निर्णय गरियो ।

निर्णय नं २

बागलुङ नगरकार्यपालिकाको मिति २०७९।२।६ गतेको वैठकले आगामी आर्थिक वर्ष २०७९/०८० भित्र बालमैत्री नगरपालिका घोषणा गर्नेगरी निर्णय भए अनुसार सो कार्यक्रमको सूचकलाई सहयोग पुग्ने गरी मिति २०७९।२।२५ गते १.०० बजे १४ वटै वडामा एकै पटक एकै साथ वडा स्तरीय बाल संजाल गठन एवं वाल भेला र मिति २०७९।३।३ गते नगरस्तरीय वाल संजाल गठन एवं वाल भेला आयोजना गर्ने निर्णय गरियो । वडा स्तरीय तथा नगरस्तरीय वाल संजाल र वाल भेला गठन गर्न स्वीकृत वजेटमा नपुग हुने रकम चालुतर्फको अन्य आकस्मिक योजना शीर्षकबाट रु १,५०,०००।(एक लाख पचास हजार) थप विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ३

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(२)ङ वमोजिम स्थानीय सेवा व्यवस्थापन गर्न बागलुङ नगरपालिकाको प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन, २०७४ को दफा ४ को अधिकार प्रयोग गरी तयार गरिएको नागरिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने निर्देशिका २०७९ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ४

बागलुङ नगरकार्यपालिकाको मिति २०७९।२।१० गतेको वैठकको निर्णयानुसार गठन भएको तपसिल अनुसारका समितिमा निम्नानुसारका सदस्यहरु रहने गरी पूर्णता दिने निर्णय गरियो ।

विषयगत क्षेत्र

१. आर्थिक विकास समिति

१. शान्ति वोसेल-सदस्य

२. रुद्र वहादुर के.सी-सदस्य

२. सामाजिक विकास समिति

१. ज्योति के.सी.(विष्ट)-सदस्य

२. हरि प्रसाद शर्मा-सदस्य

३. पूर्वाधार विकास समिति

१. धनमाया शर्मा-सदस्य

२. शनि के.सी.(लक्ष्मण)-सदस्य

४. वन वातावरण तथा विपद व्यवस्थापन समिति

१. सुनिता श्रेष्ठ-सदस्य

२. मेघनाथ शर्मा गैरे- सदस्य

निर्णय प्रमाणित

५. सुशासन तथा संस्थागत विकास समिति

१. टुका देवी शर्मा आचार्य-सदस्य

२. जय वहादुर के.सी.-सदस्य

६. राजश्व परामर्श समिति

१. सीता थापा-सदस्य

२. चक्र वहादुर खत्री-सदस्य

७. नगरस्तरीय योजना अनुगमन तथा सुपरिवेक्षण समिति

१. धन माया शर्मा-सदस्य

२. तिल वहादुर थापा मगर-सदस्य

८. बजेट तर्जुमा समिति

१. कोपिला मणी शर्मा -सदस्य

२. चुरा वहादुर सुनार- सदस्य

९. श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति

१. ढाका वहादुर परियार-सदस्य

१०. नगर शिक्षा समिति

१. ज्ञानेन्द्र गौतम-सदस्य

२. सुरज वोसेल-सदस्य

३. ज्योति के.सी.(विष्ट)-सदस्य

निर्णय नं ५

यस नगरपालिकाको हेभि ईक्युपमेन्ट, दमकल, ट्याक्टर लगायतका सवारी साधन स्थायी पार्किङको अभावमा खुला स्थानमा पार्किङ भैरहेकोले व्यवस्थीत पार्किङ निर्माण गरी सवारी साधनको संरक्षण गर्न जरुरी भएको हुँदा यस बागलुङ नगरपालिका वडा नं २, माझकोट स्थित शान्ति समितिको भवन धेरै पूरानो भै जीर्ण अवस्थामा रहेकोले उक्त भवन भत्काई त्यस स्थानमा व्यवस्थित पार्किङ स्थल निर्माण गर्ने निर्णय गरियो।

निर्णय नं ६

यस नगरपालिकाको लागी चालु आ.व.मा स्वीकृत राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत सदाशिव प्रा.वि वडा नं ६ लगायतका विद्यालयहरुको भवन निर्माणको स्वीकृत डिजाइन परिमार्जन गर्नुपर्ने अवस्था रहेका विद्यालयहरुको हकमा प्राविधिकको सिफारिस वमोजिम डिजाइन परिवर्तन गर्ने निर्णय गरियो ।

निर्णय नं ७

चालु आर्थिक वर्षको कृषि विकासतर्फका सवै स्वीकृत कार्यक्रम समयमानै प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी गर्न आवश्यक सहजिकरण एवं समन्वय गर्न आर्थिक विकास समितिलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ८

यस नगर कार्यपालिकाको दोश्रो बैठकबाट गठन गरिएको पार्किङ व्यवस्थापन कार्यदलको प्रतिवेदन प्राप्त भएकोले संयोजक सहित समितिका सवै सदस्यहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो । साथै उक्त प्रतिवेदनको आधारमा नगरपालिकाको मुख्य वजार क्षेत्रमा पार्किङ व्यवस्थापन कार्यलाई अघि वढाउने कार्यमा संयोजन गर्ने जिम्मेवारी सोही समितिलाई दिने निर्णय गरियो ।

निर्णय नं ९

यस नगरपालिकाको नगर शिक्षा कोष संचालन कार्यविधी २०७९ स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं १०

यस नगरपालिकाको चालु आर्थिक वर्षका लागी स्वीकृत १० लाखसम्म लागत अनुमान भएका योजना तथा कार्यक्रम वडास्तरीय योजना अनुगमन समितिबाट भएको अनुगमन प्रतिवेदनको आधारमा भुक्तानी दिने साथै वडास्तरीय अनुगमन समितिमा सम्वन्धित क्षेत्र हेर्ने ईन्जिनियरलाई आमन्त्रीत सदस्य तोक्ने निर्णय गरियो ।

निर्णय ११

बागलुङ नगरपालिका वडा नं १ स्थित मानवसेवा आश्रमको लागी चालु आ.व.मा यस नगरपालिकामा रु १० लाख विनियोजन गरिएकोमा २ लाख ५० हजार थप गर्ने निर्णय गरियो ।

निर्णय नं १२

हालै आएंको हावा हुरीले क्षती पुर्‍याएका देहायका विद्यालयहरु लागत अनुमान गराई तत्काल मर्मत संभार गर्ने निर्णय गरियो ।

क) लक्ष्मी नारायण आधारभूत विद्यालय वडा नं १२
ख) दुर्गा आधारभूत विद्यालय वडा नं १३
ग) कृष्ण प्रा.वि वा.न.पा १२
घ) आधारभूत विद्यालय कोल्पाटा वडा नं १४

निर्णय नं १३

आजको बैठकबाट निर्णय भएका विषयहरु कार्यान्वयन गर्न लाग्ने लागत अनुमान वमोजिमको रकम पुजिगततर्फको अन्य आकस्मिक योजना तथा कार्यक्रम शीर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं १४

विनियोजित वजेटमा फरक नपर्ने गरी सम्वन्धित वडा समितिको निर्णय सहितको सिफारिस र नगर प्रमुखको स्वीकृतीमा आगामी नगरसभाबाट अनुमोदन गर्नेगरी अतिआवश्यक मात्र योजनाको शीर्षक तथा नाम संशोधन गर्ने निर्णय गरियो।

निर्णय नं १५

बागलुङ नगरपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरुका प्र.अ.हरुको भेलाले शनिवार र आईतवार २ दिन विदा गर्दा निर्धारित पाठ्यक्रम र शैक्षिक क्यालेण्डर पुरा हुन नसक्ने देखिएकोले आइतवारको सार्वजनिक विदाको दिनमा समेत विद्यालयमा पठन पाठन संचालन गर्न सिफारिस गरे वमोजिम आईतवार समेत विद्यालय संचालन गर्ने निर्णय गरियो ।